स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ८ मध्यपुर थिमि भक्तपुर जेष्ठ २५ ,२०८१

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको रणनीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको रणनीति नं.

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/२५

# मध्यपुर थिमि नगरपालिकाको लैङगिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहिकरण रणनीति २०८१

## पृष्ठभूमी (Background)

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीकरण नीति, कार्यक्रम, रणनीति र प्रशासनिक,वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तीकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो। यसले लैससाससँग सम्बन्धीत विभिन्न अनुभवहरूलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकनको अभिन्न अंगको रुपमा स्थापित गर्ने एउटा प्रक्रिया हो। यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै,समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनःसन्तुलित गराउँदछ। नेपाल सरकारको विकासका सूचकहरूको प्रासिका निम्ति लैससासको मूलप्रवाहिकरण नेपालको संविधानको प्रस्तावमा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७४

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। सीमान्तीकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई संबोधन गर्न र लिंग तथा जात, जातियतामा आधारित भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन्। पन्ध्रौ पन्च वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राखेको छ। समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानले विशेष प्रावधानहरूको थप व्याख्या गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ। यसरी नै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का प्रावधानहरुको सम्वन्धमा तल दिए अनुसारको व्यवस्था गरेको छ।

(क) नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था गरेको।

(ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क सङ्कलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको।

(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको। त्यसैले, संविधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति,मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ। यसरी नै लैससासका मुद्दाहरूलाई केन्द्रिय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगि रहेको सन्दर्भमा स्थानीय सरकारद्वारा

सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशी विकासलाई प्रवर्द्धन गरी यसको मूलप्रवाहीकरण गर्न यो रणनीति तयार गरिएको हो।

१. विगतका प्रयास (Past Efforts):

विभेद रहित समृद्ध समाज स्थापित गर्ने प्रयास हेतु महिला, दलित, आदिवासी जनजाती ,मधेशी मुस्लिम, पिछडिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरु र सामाजिक आर्थिक रुपमा पछाडि परेका व्यक्ति वा समुदायलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहिकरण गर्नका लागी नगरपालिकाले विभिन्न नीति कार्यविधि निर्माण गरी बजेट विनियोजनका साथै समावेशी कार्यक्रम संचालन गर्दै आएको छ। दशौं पञ्चवर्षिय योजना(२०५९-२०६४) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाईसम्बन्धित विषय (Cross-Cutting Issue) राखिएको थियो। २०६३/०६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुआत भई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि संरचनाहरु स्थापना गर्ने कार्यको थालनी हुनुका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि नीति २०६६ तर्जुमा भई कार्यान्वयनमा रहेको थियो ।नेपालको संविधान २०७२ ले यहि विविधतायुक्त पहिचानलाई आत्मासात गरी समानुपातिक, समावेशी र सहभागितामूलक समाज निर्माणको सकल्प गरेको छ ।नेपालले विभिन्न महासन्धीहरुमा हस्ताक्षर गरेको छ भने राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय स्तरमा विभिन्न प्रतिबद्धताहरु व्यक्त गरेको छ ।यस नगरपालिकाले लैङ्गिक हिंसा विरुद्धको प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्नुका साथै लैङ्गिक समानता नीति समेत तयार पारि आफ्ना नीति तथा कार्यक्रमहरुमा पनि लैससासलाई प्राथमिकताका साथ कार्यान्वयन गरेको छ ।

२. वर्तमान अवस्था (Present Situation):

१. एकल महिलाहरुका लागी कानूनी हक अधिकार सम्वन्धि निरन्तर तालिम संचालन, १६ दिने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत —याली सडक नाटक, आत्मा

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

रक्षा सम्बन्धि तालिम लैङ्गिक हिंसा न्यूनिकरणका लागी अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ।

२. लैङ्गिक हिंसा निवारण कोष व्यवस्थापन तथा संचालन कार्यविधि स्वीकृत गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि योजना तथा कार्यक्रमका लागी गत विगत भन्दा बजेट बृद्धि गरिएको र स्थानीय तहमा महिलाको नेतृत्वदायी भूमिकामा सक्रयिता बढेको ।

३. ज्येष्ठ नागरिक मिलन केन्द्र संचालन, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, ज्येष्ठ नागरिक परिचय-पत्र वितरण।

४. बाल उद्धार कोषको व्यवस्था, बालबालिकाका लागी विभिन्न खालका क्षमता विकास तालिम, बालबालिकाका लागी दिवा खाजाको व्यवस्था, बालविवाह विरुद्धको अभियान, बालक्लबको क्षमता विकास कार्यक्रम संचालनका लागी विभिन्न संघ संस्थाको साझेदारी कार्य भईरहेको।

५. अपाङ्गता सहायक सामाग्री वितरण, अपाङ्गता भएका व्यक्तिहरुलाई सीप तथा क्षमता विकास तालिम, अपाङ्गता छात्रवृत्तिको व्यवस्था, अपाङ्गता परिचयपत्र वितरण आदि कार्यक्रमहरु संचालन गर्दै आएको।

३. चुनौति र अवसरहरु (Challenges and Opportunities):

४.१ चुनौतिहरु **(Challenges)**

१. कार्यालयमा लैससास मूलप्रवाहिकरण गर्नका लागी संरचनाहरुको कमि हुनुका साथै संघीय प्रणाली व्यवस्थापनका सरोकरवालाहरुमा संघियताका सम्बन्धमा समान बुझाई र समझदारी कायम गर्नु ।

२. नगरपालिकाको योजना तर्जुमा प्रकृयामा लैससासका सवाल मूलप्रवाहिकरणका लागी स्पष्ट नीतिको अभाव।

३. लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरण गर्न।

४. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न।

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम कानून र कार्यविधि कार्यान्वयन गर्न।



मध्यपुर थिमि नगरपालिका स्थानीय सरकार २०७२

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

६. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु, छुवाछुत, आरोप लगाउने घरेलु हिंसा को अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न ।

७. नगरपालिकाका समिति र संरचनामा लैससासको भावना समेट्न नसक्नु, सबै जनप्रतिनिधि र कर्मचारीहरुमा कार्यान्वयन सम्वन्धमा उत्तिकै सचेतना र क्षमताका कारण सशक्तीरणमा चुनौती रहेको ।

४.२ अवसरहरु **(Opportunity):**

१. नेपालको संविधान २०७२ र संविधानमा भएका व्यवस्था।

२. स्थानीय सरकार संचालन ऐन, २०७४ , नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु ।

३. स्थानीय तथा प्रदेश सरकारको लैससास मैत्री बजेट तथा कार्यक्रम अनुरूप नगरपालिकालाई नीति तथा कानुन बनाउन अवसर प्रदान गरेको छ ।

४. सबै शाखाहरुमा दक्ष कर्मचारी रहेका कारण नीति कार्यान्वयनमा सहज वातावरण रहनु ।

५. नगरपालिकाको विकास प्रकृयामा सबै वर्गका नागरिकहरुलाई मूलप्रवाहिकरण गर्न, उनिहरुलाई सक्षम तुल्याई बहुआयामिक गरिबिबाट मुक्त गर्न नगरपालिकाको काँधमा चुनौती रहेता पनि समानता स्थापना गर्न नगरपालिकाले आफ्ना नीति, कार्यक्रम, बजेट तथा कार्यान्वयनका पक्षमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिंदै आएको छ।

४.रणनीतिको औचित्यता (Rationale of the Strategy):

नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरू र अन्तर्राष्ट्रिय प्रतिवद्दताहरू स्थानीयकरण गरि लागु गर्न गराउन आवश्यकता महशुस गरी नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गरेको छः

क. लैससास सम्बन्धी प्रावधानहरूलाई स्थानीयकरण गरी विकासको मूलप्रवाहमा लक्षीत समूहको अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न मार्ग निर्देशन गर्दछ।

ख. खण्डिकृत तथ्याङ्क सहित लक्षीत समूहको आवश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहजता प्रदान गर्दछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

ग. दिगो विकास लक्ष्य प्राप्तिको लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका विभेद हटाई समान पहुँच र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ।

घ. नेपाल सरकारले अनुमोदन गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरूलाई स्थानीयस्तर देखि पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ।

ङ. लैससको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैसस मैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ।

च. यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघ संस्थाहरू विच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिक मैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ।

५. क.दुरदृष्टि (Vision):

१. "विभेदमुक्त, लैङ्गिक तथा समाजिक समावेशी नगरपालिका निर्माण"

२. "जातीय र लैङ्गिक भेदभाव मुक्त समतामूलक समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने"

ख.ध्येय (Mission):

लैङगिक समानता तथा सामाजिक समावेशी सम्वन्धित विद्यमान सबै खालका जात, वर्ग, क्षेत्र र लिंगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

ग .लक्ष्य (Goal):

१. न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट वहिस्करणमा परेको वर्गलाई मुल प्रवाहमा समाहित गरी गरीवि न्यूनीकरण गर्ने ।

२. लैससास सम्वन्धी समाजमा विद्यमान मूल्य.मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याईनुका साथै वन्चितिकरणमा परेका वर्ग र समुदायका सवाललाई सम्वोधन तथा मूलप्रवाहिकरण गर्दै लैजाने ।

६. उद्देश्यहरु (Objective):

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा मूल प्रवाहीकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो वनाउन आर्थिक



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। विस्तारित उद्देश्यहरू यस प्रकार छन्:

७.१ लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण तथा लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला, वन्चितिमा परेका सबै जात, जाती सीमान्तकृत समुहहरूलाई समावेशीका माध्यमबाट, लैङ्गिक समानता र अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

७.२ राजनैतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिला र सामाजिक तथा आर्थिक रुपमा बञ्चितिमा रहेका समुदायहरुको अर्थपूर्ण समानुपातिक सहभागिता र समान पहुँचका अवसरहरुको सुनिश्चित गर्नुका साथै लैससास मैत्री कार्य प्रणालीको विकास गर्ने।

७.३ लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र प्रदेश, विभिन्न समिति, गैरसरकारी निकाय र स्थानीय सरकार आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

७.४ स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्नुका साथै यसलाई संस्थागत गर्दै लैजाने।

७. रणनीति (Strategy):

८.१ मूलप्रवाहिकरण

नगरपालिकामा महिला, बालबालिका तथा गरीब परिवार र बञ्चीतीमा परेका वर्ग र समुदायले भोगेका समस्याहरुको पहिचान गरि नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत बञ्चीतीमा परेका समुदायहरुको

क. सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गर्नुका साथै समग्र स्थानीय बिकाशको प्रक्रियामा मुलप्रवाहिकरण गरिनेछ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संरचना र कार्यक्रमहरुमा महिला, बालबालिका तथा गरीब

स्थानीय ... मध्यपुर थिमि नगरपालिका २०७३



राज बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

परिवार र वञ्चीतीमा परेका वर्ग र समुदायलाई समावेश गरि लैङ्गिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रवाहिकरण गर्दै लगिनेछ।

ग. पछाडि परेका वा पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर प्रधान गर्नुका साथै विकाश प्रकियामा सम्मिलित गर्दै लगिने छ।

८.२ सशक्तीकरण

क. बिकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरीब, महिला, आदिवासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक आदिको स्थानीय तहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सवल बनाई उनीहरुको सशक्तिकरण गर्दै लगिनेछ।

ख. उपलब्ध स्रोतसाधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने।

८.३ क्षमता विकास

क. स्थानीय सरकार सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनावद्ध रुपमा क्षमता अभिवृद्धि गर्ने।

ख. स्थानीय नागरिक विशेष गरी लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गर्ने।

ग. सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने।

८.४ समन्वय, सहकार्य र सहजीकरणः

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

ख) लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, सहयोगी निकाय एवं गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

८.५ अनुगमन तथा मूल्यांकनः

स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने। पालिकाको लैङ्गिक तथा सामाजिक

समावेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आवश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचािलन गरिनेछ। लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका विषयमा वार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिवेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ।

८. कार्य सिद्धान्तहरु (Working Principles):

तल उल्लेख गरिएका कार्य सिद्दान्तका आधारमा रणनीतिको कार्यान्वयन गरिनेछ। (अनुसूची १ मा कार्ययोजना कृयाकलापहरु समावेश गरिएको छ)

९.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि परिवारदेखि नीति निर्मातासम्म सचेतनाको अभिवृद्धि गरिनेछ ।

९.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक पर्ने स्रोत परिचालनको सन्दर्भमा नीति, कानूनी तथा संस्थागत संरचना, पूर्वाधार विकास गरिनेछ।

९.३ राष्ट्रिय तथा प्रादेशिक मापदण्डको आधारमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवस्था बारे मापन गरिनेछ ।

९.४ लैङ्गिक असमानता र सामाजिक बञ्चितिकरणका परेका अति संकट उन्मुख वर्ग र परिवारको लागि आधारभूत सुविधा उपलब्ध गराइनेछ।

९. कार्यान्वयन रणनीति (Implementation of Strategy):

क) रणनीतिको कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षसँग समन्वय र सामन्जस्य कायम गरी आवश्यक विषयगत तथा क्षेत्रगत रणनिति (Sectorial and Thematic Strategy) तथा कार्य योजना (Plan of Action) तर्जुमा गरिनेछ।

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय सर्वसम्बन्धित (Cross Cutting) भएकोले विभिन्न कार्यनीति तथा कार्यक्रम पद्धतिमा यस विषयलाई मूलप्रवाहीकरण(Mainstreaming) गरिनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

१०.१ क्षेत्रगत कार्यान्वयन र व्यवस्थापन (Sector wise Implementation and Management):

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि नगरपालिका, वडा, समुदाय र परिवार तहका असमानता र वञ्चितिकरणका क्षेत्रहरू पहिचान गरि त्यसको कार्यान्वयन, नियमन, अनुगमनका लागि सूचकहरू निर्माण गरिनेछ ।

ख. सूचकका आधारमा पहिचान गरिएका क्षेत्रका समस्या सम्बोधनका लागी उपयुक्त औजारहरूको सिफारिश गरिनेछ ।

१०.२ समयवद्ध कार्यान्वयन (Time Bound Implementation):

क. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको लागि परिवार, समुदाय, वडा र नगरपालिका तह सम्मका लागि सञ्जाल निर्माण गरि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरूको अवलम्वन गरिनेछ ।

ख. अल्पकालीन अवधिमा चेतनामूलक कार्यक्रमको कार्यान्वयनलाई प्रोत्साहित गरिनेछ, मध्यकालीन उपायको रुपमा आवश्यक नीतिगत, कानूनी र संरचनागत पूर्वाधारको माध्यमबाट असमानता र वञ्चितकरणलाई निरुत्साहित गरिनुका साथै दीर्घकालीन रुपमा नगरपालिकाको कार्यप्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आत्मसाथ गरिनेछ ।

१०.३ सरोकारवालासँगको सहभागिता साझेदारी र स्रोत परिचालन (Stakeholder Participation Collaboration and Resource Mobilization):

१०.३.१. स्थानीय स्रोतको परिचालन गरी लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरणका क्षेत्रमा सञ्चालन हुने कार्यक्रमलाई दिगो बनाइनेछ ।

१०.३.२. नीजि तथा सामुदायिक संघ संस्थाको स्रोत परिचालन गर्न नगरपालिका र निजि/ सामुदायिक/ व्यवायिक/ गैह्रसरकारी/ सहकारी निकायका विच साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिने छ ।

१०.३.३. संघ तथा प्रदेशको सहयोग र सहभागितालाई नगरपालिकाको प्राथमिकता तर्फ उन्मुख गराउन प्रोत्साहित गरी स्रोत परिचालन गरिनेछ ।

१०.३.४ राष्ट्रिय तथा प्रदेश तहमा कार्यरत सञ्जालसँग समन्वय तथा सामन्जस्य कायम गरी स्थानीयस्तरमा सञ्जालको विकास गरिनेछ ।

१०.३.५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यका लागि सरकारी, निजी, धार्मिक, शैक्षिक क्षेत्र, नागरिक समाज तथा वडा तहको बीचको साझेदारी निर्माण गरी सहभागितालाई व्यापक तुल्याइनेछ ।

१०.३.६. यस रणनीतिको कार्यान्वयन गर्न नगरपालिका, वडा तथा अन्य साझेदारले आ-आफ्नो बार्षिक कार्यक्रमतथा वजेट व्यवस्था गर्नेछन् ।

१०. कानुनी व्यवस्था (Legal Aspect):

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असर नपर्ने गरी स्थानीय सरकारले बाधा अड्चन फुकाउन सक्नेछ।

११. संस्थागत संरचना (Institutional Structure):

क) लैससास बारे संविधान वर्तमान संघीय शासन स्वरुप नीति, नियम,ऐन कानून ,कार्यविधि आदिमा भएका व्यवस्थाहरुको सवै सरोकारवालाहरुसंग प्रभावकारी समन्वय कायम गरी कार्यान्वयन गर्न चुस्त/दुरुस्त संरचना निर्माण गरि नगरपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेहि वनाउँदै लगिने छ ।

ख) स्थानीय नागिरक विशेष गरि पछाडि परेका वा पारिएका अशक्त, गरिब तथा लक्षितवर्ग/समूहको संस्थागत संरचना मार्फत योजनावद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण/क्षमता अभिबृद्धि गरि नगरपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरि आर्थिक तथा सामजिक विकास गरिने छ ।

ग) लैङ्गिक उत्तरदायी तथा समावेशी वजेट परिक्षण र लैङ्गिक उत्तरदायी वजेट मार्फत नगरपालिकाको संरचना र कार्यक्रममा महिला र सिमान्तकृत समूहहरुमा समावेश गरि लैङ्गिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रवाहिकरण गर्दै लगिने छ ।

घ) **नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिः**

प्रत्येक स्थानीय तहमा निम्नानुसारका मूलप्रवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति रहने छः

१. नगरपालिकाको प्रमुख -संयोजक
२. नगरपालिकाको उपप्रमुख -सदस्य

स्थानीय मध्यपुर थिमि २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

३. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

४. कार्यपालिकाको सदस्यहरू मध्येवाट १ जना महिला सहित २ जना -सदस्य

५. नगरकार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला) -सदस्य

६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण फोकल व्यक्ति -सदस्य

७. नगरपालिकाको महिला वालवालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख -सदस्य सचिव

ङ) वडास्तरीय समितिः

नगरपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय वमोजिका संयोजक तथा सदस्यहरू रहने छनः

१. सम्वन्धित वडाको वडा अध्यक्षः - -संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरुः - -सदस्य

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका बढीमा २ (एक जना महिला) जना सदस्यहरुः -सदस्य

४. वडास्तरीय वाल संजालको अध्यक्ष- -सदस्य

५. सम्वन्धित वडाको वडा सचिवः - -सदस्य सचिव

१२. सरोकारवाला पहिचानः (Stakeholder)

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको लागि निति, आवधिक योजना विषयगत तथा क्षेत्रगत योजनाहरुको प्रभावकारीताका लागी सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्य गरिने छ। सिधा सम्पर्क हुने, दोश्रो माध्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गरिएको छ।

| सिधा सम्पर्क हुने पहिलो नं) (कासरोकारवालाहरू | दोश्रो माद्यमवाट संपर्क हुने (दोस्रो नं. सरोकारवालाहरू) | अप्रत्यक्ष संपर्क हुनेहरू का (तेस्रो नं. सरोकारवालाहरू) |
|---|---|---|
| महिला बालबालिका तथा सामाजिक समावेशीकरण शाखा | विकास साझेदारहरू | मुख्यमन्त्रीतथा मन्त्रिपरिपदको कार्यालय वागमती प्रदेश |

| सिधा सम्पर्क हुने पहिलो नं) (कासरोकारवालाहरू | दोश्रो माध्यमवाट संपर्क हुने (दोस्रो नं. सरोकारवालाहरू) | अप्रत्यक्ष संपर्क हुनेहरू का (तेस्रो नं. सरोकारवालाहरू) |
|---|---|---|
| योजनाशाखा | महिला सहकारी तथा सहकारी संस्थाहरू | प्रदेश मन्त्रालयहरू सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरू | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरू | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | बाल क्लवहरू | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरू | संघीय मन्त्रालयहरू |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरू | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरू | दलित आयोग |
| सवै वडा कार्यालयहरू | गैह सरकारी संस्थाहरू | मुस्लीम आयोग |
| नगरकार्यपालिका | स्वयम सेवकसमूहहरू | राष्ट्रिय योजना आयोग |
| नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकारआयोग |
| न्यायिक समिति | राजनैतिक दलहरू | अन्तराष्ट्रिय दातृ निकायहरू |
| विषयगत समितिहरू सवै | संचार माध्यमहरू | राष्ट्रिय स्तरका संचार माध्यमहरू |
| सामुदायिक शाखा | | |

१३. अनुसन्धान र विकास (Research and Development):

१४.१ लैङगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा भएका समसामयिक महत्वका विषयमा अध्ययन, अनुसन्धान तथा विकासका कार्यलाई प्रोत्साहन गरिनेछ ।

१४.२ नगरपालिका क्षेत्रमा लैङ्गिक असमानता तथा वञ्चितिकरणको स्वरुप, प्रवृत्ति, व्यापकता, किसिम एवं संख्या तथा नतिजा र परिणाम आदिको तथ्यगत आधिकारिक जानकारी प्राप्त गर्नका लागि आवधिक सर्वेक्षणको प्रक्रिया थालनी गरिनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

१४. अनुगमन र मूल्याङ्कन (Monitoring and Evaluation):

स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने। पालिकाको लैंगिक तथा सामाजिक समावेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्वन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचिालन गरिनेछ। लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका विषयमा वार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिवेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ।

१५. सुधार तथा संशोधन (Policy Reforms):

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र यसको कार्यान्वयन अवस्था सम्वन्धी क्रियाकलाप, स्वरुप, व्यापकता र परिणाम आदिको गतिशीलता एवं समय सापेक्ष सुधारको आवश्यकतालाई दृष्टिगत गरी यो रणनीतिलाई समय सापेक्ष र समावेशी तुल्याउन ३ वर्षमा पुनरावलोकन गरी आवश्यक सुधार गरिनेछ ।

१६. वित्त व्यवस्थापन:

माथि उल्लेखित रणनैतिक कृयाकलापहरू संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ। स्थानीय तहहरूले **SUTRA** मार्फत नै वजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ। लैङ्गिक उत्तरदायी बजेटलाइ स्थानीयकरण गरी यसका लागि हाल संचालन भइरहेको वजेट नीति तथा कार्यक्रमहरूलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ। लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछ:

१. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने।
२. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरूमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने।
३. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने।
४. स्थानीय तहमा कार्यरत विकास साझेदारहरूलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसँग सहकार्य गर्न निर्देशन दिने ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर कोइरी
प्रमुख प्रशासकीय अधिकृत

५. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय सङ्घ संस्थाहरू संग समन्वय गर्ने ।

६. संघीय तथा प्रादेशिक मन्त्रालयहरूमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरूमा अध्ययन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधिकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न

७. सरकारी तथा अन्तराष्ट्रिय गैह सरकारी संस्था तथा दातृ निकायहरूमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

१८. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरू:(Possible Risks and Mitigation Measures):

१८.१. सम्भाव्य जोखिमः

**लैससास रणनीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरुः**

क. लैङ्गकि समानता तथा सामाजिक समावेशी मूल प्रवाहीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने बुझाई हुनु ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गकि समानता रण नीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगवाट नहुन सक्छ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुन सक्ने।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्ने।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्ने।

१८.२. जोखीम न्यूनीकरणका उपायहरू:

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने।

ख) बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने।

ग) स्थानीय तहका हरेक वैठकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्यहरुको बारेमा समिक्षा गर्ने।

घ) विषय विज्ञहरु संग नियमित परामर्श गर्ने।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची :१

कार्यन्वयन कार्य-योजना

| रणनैतिक क्षेत्र | क्रियाकलाप | विद्यमान अवस्था | लक्ष्य (सन् २०३० सम्म) | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सिमा |
|---|---|---|---|---|---|---|
| १.मुल प्रवाहिकरण, क्षमता विकास र सशक्तिकरण | १.महिला र बञ्चितिमा परेको वर्गहरुको विकासका सबै तहहरुमा सहभागिता र सशक्तीकरणमा जोड दिने । २.स्थानीय तहमा अधिकारमुखी अवधारणाको आन्तरिकीकरण र सो को कार्यान्वयनमा जोड दिई पालिकामा उपलब्ध जातीत, | १.नेपालको संविधान २०७२को प्रस्तावनामा विविधतायुक्त पहिचानलाई आत्मासात गरी समानुपातिक, समावेशी र सहभागितामूलक समाज निर्माणको परिकल्पना गरेको छ । २.खण्डिकृत तथ्याङ्क संकलन तथा विश्लेषण गरिने छ | १.समुहमा आवद्ध हुन नसकेका लक्षित समुहका कम्तिमा ३५० जनाको आवश्यक पहिचानका आधारमा सिप सहित क्षमता विकास भई वैकल्पिक रोजगारीमा संलग्न भएका हुने छन। नगरपालिकाको नीति वजेट तथा कार्यक्रममा समावेश गरिएको आधारमा कार्यान्वयन गर्दै जाने। | नगरपालिका , महिला बालबालिका तथा सामाजिक विकास शाखा(लैस सास सम्पर्क व्यक्ति) | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय, अन्तरर्राष्ट्रिय संघ संस्थाहरु, लैससासको विषयविज्ञहरु | नीति नियम तथा रणनीति स्विकृत भएको ६ महिना भित्र |

स्थानीय सरकार भक्तपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रीय, लिङ्गीय समुहहरु परिचालन गरि वञ्चितिकरणमा परेका वर्गको क्षमता विकास गर्ने ।<br>३.स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट विश्लेषण तर्जुमा र कार्यान्वयनमा जोड दिने ।<br>४.संरचनामा परिवर्तन गर्न दीर्घकालिन, मध्यम र छोटो नीति निर्धारण र कार्यान्वयन | | | | | |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने ।<br>५.सूचनामा सबैको पहुंच वृद्धि गरेर सेवामा पहुंच वढाउनुका साथै स्रोत साधनमा वृद्धि गर्ने । | | | | | |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. समन्वय, सहकार्य र सहजीकरण | १.सवै सरोकारवालाहरु विच समन्वय गरि वहिस्करणमा परेका वर्गहरुका लागि एकिकृत कार्यक्रम तय गरिने छ ।<br>२.पालिकाको खण्डिकृत तथ्याङ्क संकलन तथा बिश्लेषण र यसलाई नियमित अद्यावधिक गरिने छ ।<br>३.नगरपालिकाका सदस्य र कर्मचारीहरुलाई लैससास उत्तरदायी योजना तर्जुमा कार्यान्वयन र परिक्षणका साथै लेखाजोखा सम्वन्धि अभिमुखिकरण गरिने छ ।<br>४.नगरका सवै वडासंग नियमित समन्वय र सहकार्य गर्ने र नीतिको | १.पालिका भित्र रहेका कृषि भेटेरीनरी महिला विकास शिक्षा र स्वास्थ्य, शाखाका लक्षित कार्यक्रमहरु एकिकृत रुपमा लक्षित वर्गमा परिचालन भएको अवश्था रहेको। । | वि.सं २०८० सम्ममा नगरपालिकाको आवधिक योजना, लैससास रणनीति कार्यपालिकावाट अनुमोदन हुनेछ | महिला वालवालिका तथा सामाजिक विकास शाखा लैससास सम्पर्क व्यक्ति | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय, अन्तरर्राष्ट्रिय संघ संस्थाहरु, लैससासको विषय विज्ञहरु | निरन्तर |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राजन बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रभावकारिता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएका विषयमा सुधार गर्ने । | | | | | |
| ३.अनुगमनतथामूल्यांकन | १.नगरपालिकाले आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजानेछ ।<br>२.नगरपालिकाको लैंगिक तथा सामाजिक समावेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुका कार्यान्वयन भए नभएको सम्वन्धमा नियमित अनुगमन गरि आवश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचिालन गरिनेछ ।<br>३.लैङ्गिक उत्तरदायी | अनुगमन समितिले नियमित अनुगमन कार्य गरेको भएता पनि लैससासको सूचकका आधारमा अनुगमन नभएको हुनाले लैससास सूचक निर्माण गरि नियमित रुपमा अनुगमन गरिने छ । | | नगरपालिकाको अनुगमन समिति, महिला बालबालिका तथा सामाजिक विकास शाखा लैससास सम्पर्क व्यक्ति | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय, अन्तरर्राष्ट्रिय संघ संस्थाहरु, लैससासको विषयविज्ञहरु | त्रैमासिक/ अर्धवार्षिक / वार्षिक |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

[illegible] बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका विषयमा वार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी सोही आधारमा आगामी योजनामा सुधार गरिनेछ। | | | | | |

प्रमाणिकरण मिति : २०८१।०३।०२

आज्ञाले
राम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत